**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क ६७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ चैत १० गते मंगलबार ❑ 24 Mar. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## 'बजेट क्यालेन्डर' अनुसार चैत १५ भित्र सबै मन्त्रालयले योजना तथा कार्यक्रम पठाइसक्नुपर्ने

**रासस**
काठमाडौं, ९ चैत

सबै विषयगत मन्त्रालयले यही चैत १५ गतेभित्र आफ्ना योजना तथा कार्यक्रम प्रस्ताव गरिसक्नुपर्ने गरी आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट तर्जुमा कार्यतालिका (बजेट क्यालेन्डर) तयार भएको छ।

प्रतिनिधिसभा सदस्य निर्वाचनपछि नयाँ सरकार गठन भइनसकेको अवस्थामा बजेट क्यालेन्डरअनुसार भने चैत १५ भित्र सबै मन्त्रालयले आगामी आवको बजेटमा राख्नुपर्ने योजना तथा कार्यक्रम अनिवार्य रूपमा मन्त्रालयगत बजेट सूचना प्रणाली (एलएमबिआइएस) मा राखिसक्नुपर्नेछ । अर्थ मन्त्रालयका प्रवक्ता टङ्कप्रसाद पाण्डेयले सबै मन्त्रालयलाई आगामी आर्थिक वर्षको बजेट सीमा (सिलिङ) उपलब्ध गराई सोहीअनुसार चैत १५ भित्र आफ्ना योजना तथा कार्यक्रम एलएमबिआइएसमा प्रविष्ट गरिसक्न भनिएको जानकारी दिनुभयो । यद्यपि, नयाँ बन्न लागेको सरकारले कस्तो नीति तथा कार्यक्रमसहित बजेट ल्याउँछ भन्ने स्पष्ट नभइसकेको अवस्थामा बजेट निर्माणको प्रक्रिया अगाडि बढाउनुपरेको उहाँको भनाइ छ। "बजेट आर्थिक विषयमात्र नभई राजनीतिक नीतिसँग जोडिएको विषय पनि हो। नयाँ बन्ने सरकारले कस्तो नीति तथा कार्यक्रम बनाउँछ, चुनावी घोषणापत्रमा राखिएका विषयहरू बजेटमा कसरी सम्बोधन हुन्छन् भन्नेलगायत पक्षलाई हेरेर आगामी आर्थिक वर्षका योजना तथा कार्यक्रम तय गर्नुपर्ने हुन्छ", उहाँले भन्नुभयो । आगामी आवका लागि सरकारले लिने कर नीतिबारे हाल राजस्व परामर्श समिति गठन भई अध्ययनको काम भइरहेको र आर्थिक सर्वेक्षण तथा सार्वजनिक संस्थानहरूको प्रगति विवरण (पहेँलो किताब) तयार पार्ने काम पनि भइरहेको प्रवक्ता पाण्डेयले जानकारी दिनुभयो । आगामी आव २०८३/८४ को बजेट बनाउने काम भने गत पुसबाटै सुरु भइसकेको छ। अर्थ मन्त्रालयले तयार पारेको बजेट तर्जुमासम्बन्धी कार्यतालिकाअनुसार राष्ट्रिय स्रोत अनुमान समितिले आगामी तीन वर्षका लागि उपलब्ध स्रोत र खर्च गर्न सकिने सीमाको पूर्वानुमान (बजेट सिलिङ) तयार पारी अर्थ मन्त्रालयलाई बुझाइसकेको छ भने अर्थ मन्त्रालयले पनि सबै विषयगत मन्त्रालयलाई बजेट सिलिङ पठाइसकेको छ । आगामी आवका लागि करिब रु १८ खर्ब ९० अर्ब हाराहारीको बजेट ल्याउन सकिने गरी सिलिङ तयार पारिएको राष्ट्रिय योजना आयोगले जनाएको छ । नयाँ सरकार गठनमा ढिलाइ हुँदा बजेटमा समावेश गर्नुपर्ने नीति, कार्यक्रम र अपेक्षित उपलब्धिसहितका सूचकहरू तयार पार्ने काम भने प्रभावित भएको छ । राजनीतिक अस्थिरताका कारण तोकिएको समयमा बजेट बनाउन नसक्ने अवस्था बारम्बार सृजना भएपछि जेठ १५ मा अनिवार्य रूपमा सदनमा बजेट पेस गर्नुपर्ने कानुनी व्यवस्था बनाइएको छ । बजेट निर्माण प्रक्रिया भने हरेक वर्षजस्तो प्रभावित हुँदा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन र नियमावली पटक-पटक संशोधन गर्नुपर्ने अवस्था आउने गरेको थियो । यस वर्ष पनि उक्त ऐन तथा नियमावलीले तोकेको बजेट निर्माण तालिका प्रभावित हुने देखिएको छ। यस वर्षको बजेट तर्जुमासम्बन्धी कार्यतालिकाअनुसार चैत महिनादेखि बजेट निर्माण प्रक्रिया तीव्र रूपमा अघि बढ्नुपर्ने हो। चैत १ देखि २० गतेसम्म मन्त्रालयहरूबाट आएका प्रस्तावमाथि बजेट तथा कार्यक्रम महाशाखाले विस्तृत छलफल गर्ने तथा चैत १५ देखि वैशाख १० गतेसम्म सार्वजनिक सूचना जारी गरी नागरिक, विज्ञ र सरोकार भएकाहरूबाट सुझाव सङ्कलन गरिसक्नेगरी कार्यतालिका तय भएको छ।

यस्तै, चैत १५ गतेभित्र सबै विषयगत मन्त्रालयहरूले एलएमबिआइएस प्रणालीमार्फत बजेट प्रस्ताव पेस गरिसक्नुपर्ने कार्यतालिका छ। यस्तै, चैत २१ देखि २३ गतेसम्म अर्थमन्त्री, सम्बन्धित मन्त्रीहरू र सचिवहरूसँग बजेटका मुख्य कार्यक्रम र सिद्धान्तबारे छलफलका लागि कार्यसूची तयार भएको छ। यसैगरी, चैत २६ देखि २८ गतेसम्म सांसदहरूसँग प्रदेशगत रूपमा बजेटका उद्देश्य, प्राथमिकता र कार्यक्रमबारे छलफल गरिनेछ। अन्तरसरकारी वित्त परिषद्को बैठकसमेत यही अवधिमा बस्नेछ। चैत अन्तिम सातादेखि वैशाख मध्यसम्म प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्रालयहरूसँग सशर्त अनुदानलगायत विषयमा छलफल गर्ने कार्यसूची छ । वैशाख महिनामा बजेटको प्राविधिक तथा नीतिगत तयारी तीव्र हुनेछ। यस अवधिमा विदेशी सहायता, ऋण तथा अन्तरराष्ट्रिय स्रोतको एकिन गरिनेछ। साथै राजनीतिक दलका प्रतिनिधि, पूर्वअर्थमन्त्री, पूर्वगभर्नर, अर्थशास्त्री तथा विज्ञहरूबाट सुझाव सङ्कलन गरिनेछ।

वैशाख २५ गतेसम्म विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताको मस्यौदा तयार गरिनेछ भने आर्थिक सर्वेक्षणलाई अन्तिम रूप दिई प्रकाशनका लागि पठाइनेछ । यसैगरी मन्त्रालयगत र सार्वजनिक संस्थानहरूको प्रगति विवरण पनि छपाइका लागि वैशाख २० भित्र पठाइसक्नुपर्नेछ। जेठ महिनामा बजेटलाई अन्तिम रूप दिने प्रक्रिया अघि बढ्नेछ। सदनमा बजेट पेस हुनुभन्दा कम्तीमा १५ दिनअगावै विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता संसद्मा प्रस्तुत भइसक्नुपर्नेछ । जेठ ६ गतेसम्म व्यय अनुमानको प्रारम्भिक मस्यौदा तयार हुनेछ भने राष्ट्रपतिसमक्ष बजेट ब्रिफिङका लागि मस्यौदा तयार पारिसक्नुपर्ने कार्यतालिका छ। यस्तै, जेठ १० गतेसम्म खर्च शीर्षकगत विवरणसहित अन्तिम मस्यौदा तयार गरी राष्ट्रपतिसमक्ष पेस गरिसक्नुपर्ने छ । यसपछि अर्थमन्त्रीले राष्ट्रपतिसमक्ष बजेटसम्बन्धी ब्रिफिङ गर्नेछन् । जेठ १२ देखि १३ गतेसम्म आर्थिक विधेयक, विनियोजन विधेयक र बजेट वक्तव्यलाई अन्तिम रूप दिइनेछ।

अन्ततः जेठ १४ गते सङ्घीय संसद्का दुवै सदनमा आर्थिक सर्वेक्षण, संस्थानहरूको प्रगति विवरण र मन्त्रालयगत प्रगति प्रतिवेदन पेस गरिनेछ । सोही दिन बजेट वक्तव्य, आर्थिक विधेयक, विनियोजन विधेयक, राष्ट्र ऋण उठाउने विधेयक र ऋण तथा जमानत विधेयक छपाइको काम हुनेछ। संवैधानिक व्यवस्थाअनुसार जेठ १५ गते सङ्घीय संसद्को संयुक्त बैठकमा बजेट प्रस्तुत हुनेछ।

## गण्डकी प्रदेशसभामा सडक ऐन संशोधन विधेयकमाथि सैद्धान्तिक छलफल

**पोखरापत्र संवाददाता**
पोखरा, ९ चैत

गण्डकी प्रदेशसभाको सोमबारको बैठकमा गण्डकी प्रदेश सडक ऐन २०८१ लाई संशोधन गर्न बनेको विधेयकमाथि सैद्धान्तिक छलफल भएको छ।

प्रदेशसभामा आइतबार पेश भएको उक्त सडक ऐनलाई संशोधन गर्न बनेको विधेयकको आवश्यकता र औचित्यबारे प्रदेशसभा सदस्यहरुले धारणा राख्नुभयो।

प्रदेशसभा सदस्य अशोकुमार श्रेष्ठले जनताको माग र आवश्यकतालाई दृष्टिगत गरी प्रदेश लोकमार्ग र प्रादेशिक सडकमा तोकिएको सडक सीमासम्बन्धी व्यवस्था संशोधन गर्न सरकारले संशोधन विधेयक ल्याएको बताउनुभयो। प्रदेशसभा सदस्य सुधिरकुमार पौडेलले कानुन कार्यान्वयन गर्दा देखिएका जटिलता फुकाउन ऐन संशोधन गर्नुपरेको बताउनुभयो।

प्रदेशसभा सदस्य रेशमबहादुर जुग्जालीले कुनैपनि कानुन आवश्यकता र औचित्यका आधारमा संशोधन गर्नुपर्ने बताउनुभयो। अर्का प्रदेशसभा सदस्य बिन्दु पौडेलले प्रदेशको सिङ्गो यातायात प्रणालीलाई सहज बनाउने सडक ऐन संशोधन गर्नुपर्ने धारणा राख्नुभयो।

छलफलका क्रममा उठेका प्रश्नको जवाफ दिँदै गण्डकी प्रदेश सरकारका भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री प्रकाशबहादुर केसीले नागरिकको सम्पत्तिको हक र आवास सुरक्षाका लागि सडक सीमा र सडक संरचनासम्बन्धी ऐनमा रहेका व्यवस्था परिमार्जन गर्नुपरेको उल्लेख गर्दै पुराना संरचना नहटाई नयाँ संरचना निर्माणमा लागू हुने गरी सडक सीमा निर्धारण गरिने बताउनुभयो।

त्यसअघि मन्त्री केसीले उक्त विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव प्रदेशसभामा पेश गर्नुभएको थियो । आजको बैठकको विशेष समयमा प्रदेशसभा सदस्य दोर्णकुमार कुँवर, लिलबहादुर थापा, सुशिला सिम्खडा, कल्पना तिवारी, गणेशमान गुरुङ, डिल्लीराम सुवेदी र बेदबहादुर गुरुङ समसामयिक विषयमा आफ्नो धारणा राख्नुभएको थियो।

बैठकको शुन्य समयमा प्रदेशसभा सदस्य कुसुम बुढा, यशोधा रिमाल र भक्तबहादुर कुँवरले बोल्नुभएको थियो । प्रदेशसभाको अर्को बैठक मङ्गलबार बिहान ११ बजे बस्ने प्रदेशसभा सचिवालयले जनाएको छ।

## पोखरामा एक बृद्धको गाडीको ठक्करले मृत्यु

**पोखरापत्र संवाददाता**
पोखरा, ९ चैत

पोखरामा सोमबार हात्ती गाडी (सानो भेन) को ठक्करले पोखरा २० भलामका एक ज्येष्ठ नागरिक धर्म बहादुर कि.क.को मृत्यू भएको छ।

पोखरा सभागृह चोकमा ग २ च २१६२ नम्बरको गाडीले बिहान ९:४५ बजे ठक्कर दिँदा पैदल यात्री ६५ बर्षीय विकको उपचारकै क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ।

स भा ग ृ ह चोकबाट पृथ्वीचोकतर्फ जाँदै गरेको गाडीले जेब्राक्रस नजिकै विकलाई ठक्कर दिएसंगै उहाँको उपचारको क्रममा गण्डकी मेडिकल कलेजमा मृत्यु भएको जिल्ला ट्राफिक कार्यालय कास्कीले जनाएको छ।

ठक्कर दिने गाडी र चालकलाई नियन्त्रणमा लिएको जिल्ला ट्राफिक कार्यालय कास्कीका प्रहरी बरिष्ठ नायव निरिक्षक यामनाथ पनेरुले बताउनु भयो।

## लामछिनेको रिट 'हेर्दाहेर्दै' मा मंगलबार सुनुवाइ हुने

**पोखरापत्र संवाददाता**
मुस्ताङ, ९ चैत

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेविरुद्धको सङ्गठित अपराध र सम्पत्ति शुद्धीकरण कसुर संशोधन गरी फिर्ता लिने महान्यायाधिवक्ता कार्यालयको निर्णयविरुद्ध दायर रिट निवेदनमा मङ्गलबार सुनुवाइ हुने भएको छ।

सर्वोच्च अदालतमा आज सुनुवाइ नसकिएपछि हेर्दाहेर्दैमा मङ्गलबार सुनुवाइ हुने भएको हो। न्यायाधीशद्वय विनोद शर्मा र अब्दुल अजीज मुसलमानको संयुक्त इजलासमा आज सुनुवाइ नकिएपछि हेर्दाहेर्दैमा मङ्गलबारका लागि राखिएको अदालतका प्रवक्ता अजुनप्रसाद कोइरालाले जानकारी दिनुभयो।

न्यायाधीशद्वय सारङ्गा सुवेदी र सुनिलकुमार पोखरेलको संयुक्त इजलासले यही चैत ५ गते लामिछानेविरुद्ध सम्पत्ति शुद्धीकरण र सङ्गठित अपराध मुद्दा फिर्ता लिने महान्यायाधिवक्ताको संशोधित निर्णय पेस गर्न आदेश गरेको थियो । साथै, आजका लागि पेसी तय भएको थियो।

यसअघि, सर्वोच्च अदालतका न्यायाधीशद्वय सपना प्रधान मल्ल र श्रीकान्त पौडेलको संयुक्त इजलासले उक्त निवेदनलाई नियमित सुनुवाइ गर्न यही चैत १ गतेका लागि पेस गर्न आदेश दिएको थियो।

म हा न्या या धि व क्ता सविता भण्डारी बरालले लामिछानेविरुद्ध अघिल्लो सरकारको पालामा लगाइएका सम्पत्ति शुद्धीकरण र सङ्गठित अपराधका मुद्दा फिर्ता गर्ने निर्णय गर्नुभएको थियो । उक्त निर्णयविरुद्ध युवराज पौडेल, वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी र अधिवक्ता आभास रेग्मीले सर्वोच्च अदालतमा छुट्टाछुट्टै रिट निवेदन दायर गर्नुभएको थियो।

**क्षयरोगबाट बचौं र बचाऔं।**

◆ खोक्दा र हाछ्यूँ गर्दा मुख छोप्ने तथा मास्क प्रयोग गर्ने बानी बसालौं,
◆ दुई हप्ताभन्दा बढी खोकी लागेमा तुरुन्त स्वास्थ्य संस्थामा जाँच गराऔं,
◆ क्षयरोग लागेमा नि:शुल्क परीक्षण र उपचार सेवा प्राप्त गरौं,
◆ नियमित औषधि सेवनले क्षयरोग निको हुन्छ, चिकित्सकको सल्लाहअनुसार औषधि सेवन गरौं,
◆ क्षयरोग लागेको विरामीको सम्पर्कमा रहँदा सतर्क बनौं,
◆ विरामीलाई भेदभाव नगरौं, साथ र सहयोग दिऔं,
◆ क्षयरोग लागेको विरामीलाई पोषणयुक्त खाना र सरसफाइमा ध्यान दिऔं,
"क्षयरोग निको हुन्छ" भन्ने सन्देश फैलाऔं।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

**सुपथ मूल्यमा आकर्षक छपाइ**

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्फ्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखरामा बुधबारदेखि दोस्रो 'नाडा प्रेजेन्ट्स् वाडा अटो शो २०२६' हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ९ चैत

पर्यटनको राजधानि पोखरामा चैत ११ (बुधबार) देखि दोस्रो संस्करणको 'नाडा प्रेजेन्ट्स् वाडा अटो शो २०२६' आयोजना हुने भएको छ ।

नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपालको प्रस्तुती तथा पश्चिमाञ्चल अटोमोबाइल डिलर्स एसोसिएसन (वाडा) को आयोजनामा चैत्र ११ गतेदेखि १५ गतेसम्म पोखराको लेकसाइडस्थित तालबाराही चोक नजिकको खेल मैदानमा उक्त अटो शो सञ्चालन हुने आयोजकले सोमबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराएको हो । प्रदेशकै सबैभन्दा ठूलो अटो प्रदर्शनीका रूपमा लिइएको यस कार्यक्रममा विभिन्न ३२ ब्रान्डका आधुनिक सवारी साधनहरूको प्रदर्शन तथा बिक्री-वितरण गरिने पश्चिमाञ्चल अटोमोबाइल डिलर्स एसोसिएसन (वाडा) का अध्यक्ष दीपेन्द्र कोइरालाले बताउनुभयो ।

प्रदर्शनीमा १६ ब्राण्डका चारपाङ्गे १० ब्राण्डका दुईपाङ्गे, ६ ब्राण्डका लाइट कमर्शियल र हेभी कमर्शियल सवारी साधनहरूका साथै लुब्रिकेन्ट, टायर, ग्यारेज उपकरण, अटो एसेसरिज तथा वित्तीय संस्थाहरूका गरी २० वटा स्टल रहने उहाँले जनाउनु भयो। यस अटो शोमा अत्याधुनिक प्रविधिसहितका रोबोटहरूको समेत प्रदर्शन गरिने भएको छ भने युनिट्री जी वान ह्युमानोइड रोबोट, युनिट्री गो टु र अन्य आकर्षक रोबोटहरू प्रदर्शनीका विशेष आकर्षण रहने महासचिव विनय थापाले बताउनु भयो । यसबाट सर्वसाधारणलाई नवप्रवर्तन र प्रविधिको प्रत्यक्ष अनुभव दिलाउने लक्ष्य राखिएको उहाँले जनाउनु भयो ।

पाँच दिनसम्म सञ्चालन हुने प्रदर्शनीमा करिब ४५ हजार आगन्तुक सहभागी हुने अपेक्षा गरिएको छ । टिकटमा विशेष छुटको व्यवस्था गरिएको छ भने खल्ती एपमार्फत टिकट खरिद गर्दा दैनिक पहिलो १०० साधारण टिकटमा ५० प्रतिशत र पहिलो १०० विद्यार्थी टिकटमा १०० प्रतिशत क्यासब्याकको सुविधा प्रदान गरिने वाडाका कोषाध्यक्ष असोक चालिसेले बताउनु भयो । पोखरा महानगरपालिका प्रवर्द्धक रहेको यस कार्यक्रमको व्यवस्थापन ग्लोबल एक्सपोजिसन एण्ड म्यानेजमेन्ट सर्भिसेजले गरिरहेको छ। विभिन्न प्रतिष्ठित संस्थाहरूले प्रायोजन तथा साझेदारी गरेका छन् । यस प्रदर्शनीले अटो व्यवसाय प्रवर्द्धन, क्षेत्रीय बजार विस्तार, आधुनिक प्रविधिबारे जानकारी आदानप्रदान तथा आन्तरिक पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याउने वाडाका बरिष्ठ उपाध्यक्ष शिव श्रेष्ठले बताउनु भयो । अटो क्षेत्रमा देखिएका समस्या पहिचान गरी समाधानका उपाय खोज्ने साझा प्लेटफर्मका रूपमा समेत यो कार्यक्रम उपयोगी हुने अपेक्षा गरिएको वाडाका उपाध्यक्ष निरन केसीले बताउनु भयो । उक्त कार्यक्रममा विभिन्न व्यवसायीक कम्पनीहरुले छुट प्याकेज ल्याएको आयोजकले जनाएको छ ।



टाडापानी जङ्गल ढकमक्क लालीगुराँस ढाकिएः विश्व प्रसिद्ध अन्नपूर्ण चक्रिय पदमार्गको कास्कीको घान्द्रुकदेखि म्याग्दीको घोडेपानी खण्डमा पर्ने कास्कीको अन्नपूर्ण गाउँपालिकामा पर्ने टाडापानीको जङ्गलमा ढकमक्क फुलेको लालीगुराँस । वरपरको वनपाखामा लालीगुराँस फुलेर रँगिएपछि टाडापानीको वातावरण रमणीय बनेको छ। तस्बिरः सन्तोष गौतम/रासस

# पोखरामा आन्तरिक पर्यटकलाई आकर्षित गर्न 'जाउँ है पोखरा' अभियान

**पोखरापत्र संवाददाता**
पोखरा, ९ चैत

आन्तरिक पर्यटन प्रवर्द्धनको मुख्य उद्देश्यले पूर्वी नेपालको प्रमुख सहरलाई लक्षित गरी 'जाउँ है पोखरा' कार्यक्रम सुरुआत गरिएको छ ।

होटेल सङ्घ नेपाल (हान) पोखराको आयोजना एवम् नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयको समन्वय तथा सहकार्यमा आयोजित सो कार्यक्रम आजदेखि चैत १३ गतेसम्म जारी रहने छ । विगत २२ वर्षदेखि सञ्चालन भैराखेको सो अभियान वीरगञ्ज, हेटौँडा, विराटनगर, इलाम लगायतका सहरमा पर्यटन प्रवर्द्धनात्मक कार्यक्रम आयोजना हुने सङ्घका अध्यक्ष लक्ष्मण सुवेदीले जानकारी दिनुभयो । पोखरामा क्रियाशील पर्यटन व्यवसायी, होटेल व्यवसायीका साथै सञ्चारकर्मी सहितको १९ सदस्यीय टोलीले अभियानका क्रममा पूर्वी नेपालका पर्यटन व्यवसायीसँग पर्यटकीय साझेदारी, छलफल, अन्तरक्रिया गर्नुका साथै प्रचार सामग्री वितरण गरिने उहाँले बताउनुभयो । उक्त क्रममा आन्तरिक पर्यटनका विभिन्न आकर्षक प्याकेजसमेत सार्वजनिक गरिने उहाँले जानकारी दिनुभयो । "सङ्घकै आयोजनामा हरेक नेपाली नयाँ वर्षका अवसरमा गरिँदै आएको फेवा नव वर्ष महोत्सवको २१औँ संस्करणका लागि पूर्वी नेपालका स्थानीयलाई निम्तो दिनुपनि हाम्रो कार्यक्रमको उद्देश्य हो", उहाँले भन्नुभयो । महोत्सव चैत २९ गतेदेखि वैशाख १ गतेसम्म फेवातालको किनारा लेकसाइड क्षेत्रमा सञ्चालन हुनेछ । नेपाली कला र संस्कृतिको संरक्षण र सम्बर्द्धनको मुख्य उद्देश्यसहित पर्यटन, संस्कृति र खानालाई जोड दिएर महोत्सव गरिँदै आइएको छ । पोखरा पर्यटनको राजधानी रहेको र यस सहरलाई पर्यटकको पहिलो रोजाइको गन्तव्य बनाउन यस अभियानले महत्वपूर्ण सहयोग पुऱ्याउने नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछानेले बताउनुभयो।कार्यक्रमकाअवसरमापूर्वी नेपाल र पोखराबीचको पर्यटकीय साझेदारी बढाउने लक्ष्य राखिएको छ । विगतमा पोखराबाट भद्रपुर र विराटनगरलगायत सहरसम्म सञ्चालित सिधा हवाई सेवालाई पुनः नियमितता प्रदान गर्न र ती सहरबाट पोखरासम्मस्तरीय पर्यटक बस सेवा सञ्चालनका लागिसमेत पूर्वका पर्यटन व्यवसायीसँग सहकार्यको प्रस्ताव राखिने छ । पोखराको होटेल क्षेत्रमा मात्रै छ खर्बको लगानी भएको बताउँदै अध्यक्ष सुवेदीले यहाँ करिब एक हजार २०० को सङ्ख्यामा होटेल रहेको जानकारी दिनुभयो ।

पोखरामा सञ्चालित होटेलका कारण करिब १५ हजार जनाले प्रत्यक्ष रोजगारी पाएको सङ्घले जनाएको छ ।

# १७ वर्षपछि 'वर्ष उत्कृष्ट खेलाडी' सम्मान पुनः सुरु गर्ने

**पोखरापत्र संवाददाता**
पोखरा, ९ चैत

जिल्ला खेलकुद विकास समिति कास्कीले १७ वर्षपछि ' वर्ष उत्कृष्ट खेलाडी' सम्मान कार्यक्रमलाई पुनः निरन्तरता दिने भएको छ । सोमबार सम्पन्न समितिको १२औँ बैठकले उक्त निर्णय गरेको समितिले जनाएको छ ।




समितिका अध्यक्ष मिलन गुरुङको अध्यक्षतामा बसेको बैठकले वर्ष खेलाडी छनोटका लागि सदस्य रामचन्द्र गिरीको संयोजकत्वमा छनोट समिति गठन गरेको छ । समितिको सदस्इ सचिवमा कार्यालय प्रमुख डिबी नेपाली, सदस्यहरू डिल्लीजंग गुरुङ, हिमाल गुरुङ, अशिम सुबेदी तथा खेलकुद पत्रकार मञ्चबाट एक जना प्रतिनिधि रहने व्यवस्था गरिएको छ । समितिका सचिव अञ्जु केसीका अनुसार वर्ष २०८२ का लागि एक पुरुष र एक महिला खेलाडीलाई नगदसहित सम्मान गरिनेछ । वर्ष उत्कृष्ट खेलाडी सम्मान कार्यक्रम २०८३ सालको वैशाख महिनाबाट सुरु गरिने र २०८२ सालभित्र उत्कृष्ट प्रदर्शन गरेका खेलाडीहरूलाई आधार मानेर छनोट गरिने जनाइएको छ । खेलाडीहरूलाई प्रोत्साहन गर्ने उद्देश्यले २०६५ सालमा तत्कालीन अध्यक्ष दिलबहादुर गुरुङको नेतृत्वमा सुरु गरिएको यो कार्यक्रम विगत १७ वर्षदेखि स्थगित अवस्थामा थियो। पहिलो संस्करणमा फुटबलका अनिल गुरुङ र भलिबलकी मञ्जु गुरुङ सम्मानित भएका थिए । समितिका अध्यक्ष मिलन गुरुङले खेलाडीहरूको मनोबल उच्च राख्न तथा भावी खेलाडीहरूलाई प्रेरणा दिन यस्तो कार्यक्रमलाई निरन्तरता दिन आवश्यक रहेको बताए। "खेलाडीहरूको प्रोत्साहन र नयाँ पुस्तालाई सपना देखाउन यस्ता कार्यक्रम अत्यन्तै महत्वपूर्ण हुन्छन्," उनले भने, "अघिल्लो संस्करणको गरिमा नघट्ने गरी हामी सम्मान कार्यक्रमलाई अझ प्रभावकारी बनाउनेछौँ ।" यसैबीच, लामो समयदेखि रिक्त रहेको कोषाध्यक्ष पदमा नवनियुक्त आशिक थापा क्षेत्रीलाई बैठकमा स्वागत गरिएको छ भने भलिबल खेलाडी प्रमिला अधिकारीलाई सदस्य पदमा मनोनयन गरिएको छ । त्यसैगरी, आर्थिक वर्ष २०८२र०८३ मा कास्कीमा दर्ता भएका अधिकांश खेल संघहरूले साधारण सभा तथा नवीकरण नगरेको भन्दै स्पष्टिकरण सोध्ने निर्णय गरिएको छ । हालसम्म १८ वटा खेल संघहरूले मात्र नवीकरण गरेको जानकारी कार्यालय प्रमुख डिबी नेपालीले दिएका छन् । एन्फामा बढ्दो विवादका सन्दर्भमा प्रदेश खेलकुद परिषदको निर्देशनअनुसार जिल्ला फुटबल संघ कास्कीलाई आवश्यक ध्यानाकर्षण गराउने निर्णय पनि बैठकले गरेको छ ।

# चौथो माछापुच्छ्रे गाउँपालिका अध्यक्ष कप-२०८२ को तयारी पुरा

**पोखरापत्र संवाददाता**
पोखरा, ९ चैत

कास्कीको माछापुच्छ्रे गाउँपालिका खेलकुद विकास समितिको आयोजनामा हुने गण्डकी प्रदेश पालिका स्तरीय पुरुष तथा खुल्ला महिला भलिबल प्रतियोगिता-२०८२ को सम्पूर्ण तयारी पुरा भएको छ ।




माछापुच्छ्रे गाउँपालिका वडा नं ४ लाहाचोकको व्यवस्थापन र माछापुच्छ्रे गाउँपालिका भलिबल संघको समन्वयमा यही चैत ११ देखी १४ गतेसम्म हुने उक्त प्रतियोगिताको तयारी पुरा भएको सोमवार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइएको छ। माछापुच्छ्रे गाउँपालिका अध्यक्ष मीन बहादुर गुरुङले, खेलकुदको विकाससँगै गाउँपालिकाभित्रको पर्यटन प्रवर्द्धनका लागि अध्यक्ष कप आयोजना गरिएको बताए । गुरुङले सोमवार सम्म पुरुष तर्फ १६ र महिला तर्फ ८ गरी २४ समूह सहभागिताका लागि समर्पकमा आएको बताए । उक्त अवसरमा गुरुङले प्रतियोगितामा सहभागी हुन चैत्र १० गते सोमवार दिनको ठिक ३ बजे भित्र टिम दर्ता गरिसक्नुपर्ने भएकाले उक्त दिन सम्म सहभागिताकाको सङ्ख्या बढ्ने अनुमान गरिएको समेत उल्लेख गरे । गाउँपालिकाले खेलकुदको महत्वलाई बुझेको छ र आगामी दिनमा पनि निरन्तर रूपमा आयोजना गर्ने योजना बनाएको सम्मेलनमा जनकारी दिए । प्रतियोगितामा पुरुष तर्फ प्रथम पुरस्कार २ लाख, द्धितिय पुरस्कार १ लाख र ट्रफि मेडल रहेको छ। सेमी फाइनलमा उपविजेता दुई टिमलाई नगद रु २५/२५ हजार रहेको छ। महिला तर्फ प्रथम पुरस्कार ६० हजार, द्धितिय पुरस्कार ३० हजार ट्रफि मेडल रहेको छ। सेमी फाइनलमा उपविजेता दुई टिमलाई नगद रु १५/१५ हजार रहेको छ । त्यसै गरी ११ गते हुने पुरुष छेलो तर्फ प्रथम पुरस्कार नगद रु १० हजार ,द्धितिय पुरस्कार नगद रु ५ हजार, तृतीयलाई नगद रु २ हजार र सान्त्वनालाई नगद रु १ हजार रहेको छ । पुरुष छेलो तर्फ पनि निःशुल्क दर्ता गर्न सकिने छ ।

गाउँ पालिकाकी उपाध्यक्ष सिता अधिकारीका अनुसार यस वर्ष महिला तथा पुरुष भलिबल प्रतियोगिता सँगै पुरुष छेलो पनि समावेश गर्ने भएकोले प्रतियोगितामा अझै बडी रौनकता थपिने जानकारी दिइन् । कार्यक्रममा "महिला तर्फको पुरस्कार राशि कम भएको हो कि ?" भनेर पत्रकारले सोधिएको प्रश्नमा अधिकारीले, विगतका वर्षमा महिला भलिबल प्रतियोगितामा अपेक्षित समूहको सहभागिता पर्याप्त नभएको हुँदा यस वर्ष पुरानो पुरस्कार राशिलाई केही घटाइएको बत्ताइन । उक्त घटाइएको राशिलाई नयाँ विधा पुरुष छेलो तर्फ व्यवस्थापन गरिएको समेत उल्लेख गरिन ।

माछापुच्छ्रे गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत केशव सुवेदीले प्रेस वक्तव्य प्रस्तुत गर्दै ,गाउँपालिकाभित्र आयोजना गरिने विभिन्न कार्यक्रमहरू मध्यकै ठुलो राशिको पुरस्कार राखिएको कार्यक्रम अध्यक्ष कप भएको बताए । चौथो माछापुच्छ्रे गाउँपालिका अध्यक्ष कप गण्डकी प्रदेश पालिका स्तरीय पुरुष तथा खुल्ला महिला भलिबल प्रतियोगितामा बडी भन्दा बडी सहभागिता जनाउने लक्ष्यका साथ टिम शुल्क निःशुल्क गरेको र सम्बन्धित खेलाडीहरूमा पत्रचार तथा विभिन्न प्रचार प्रसारको माध्यम बाट सूचना प्रवाह गरिएको जानकारी दिए। उक्त प्रतियोगितामा सहभागी हुने खेलाडी र टोलीहरूले उत्साहका साथ प्रतिस्पर्धा गर्ने विश्वास समेत व्यक्त गरे । माछापुच्छ्रे-४, लाहाचोकका वडा अध्यक्ष मधुसूदन अधिकारीले उक्त प्रतियोगिताले लाहाचोक सँगै गाउँपालिका क्षेत्रको पर्यटन प्रवर्द्धनसँगै खेलकुद क्षेत्रको विकासमा समेत टेवा पुग्ने विश्वास व्यक्त गरे। त्यसै गरी, व्यवस्थापकीय पक्षतर्फ खेलमैदानको मर्मत सम्भारदेखि लिएर प्रतियोगिता अवधिभर हुन सक्ने सम्भावित दुर्घटनालाई मध्यनजर गर्दै खेलाडी तथा दर्शकको सुरक्षाका लागि एम्बुलेन्स, स्वास्थ्यकर्मी, सुरक्षा व्यवस्थापन तथा स्वयंसेवक परिचालन समेत गरिएको जानकारी दिए । पुरुष तथा महिला भलिबलमा विधागत उत्कृष्ट खेलाडी, उत्कृष्ट स्पाई कर, मिडिल ब्लकर, डिफेन्डर, सेटर सर्भर, उदयमान खेलाडी र प्रशिक्षकलाई पालिकाको लोगो अङ्कित खेलकुद पोसाक पुरस्कार प्रदान गरिने छ । पुरुष भलिबल खेलमा पालिका भित्रको जनसुकै तह र स्तरका खेलाडीहरू समावेश गर्न पाइनेछ । महिला भलिबल खेलमा राष्ट्रिय खेलाडी १ जना समावेश गर्न सकिने माछापुच्छ्रे गाउँपालिका खेलकुद विकास समितिका सदस्य सचिव हुम् बहादुर गुरुङले जानकारी दिए । माछापुच्छ्रे गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत केशव सुवेदीको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत सामाजिक विकास समिति संयोजक एवं वडा नं।९ का अध्यक्ष हरि बहादुर क्षेत्री ९राजेन्द्र०ले र सञ्चालन खेलकुद विकास समितिका सदस्य सचिव हुम् बहादुर गुरुङले गरे ।

# फोटो पत्रकार अक्षयकोषमा डा. अनिल सुवेदीको सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, ९ चैत

नेपाल फोटो पत्रकार संघ (एनपिजेए) कास्कीले सञ्चालन गरेको 'फोटो पत्रकार अक्षयकोष' मा डा. अनिल सुवेदी आर्थिक सहयोग गरेका छन् ।

कृषि वैज्ञानिक डा. सुवेदीले अक्षयकोषमा नगद १० हजार रुपैयाँ सहयोग गरेका हुन् । कृषि तथा वातावरण विज्ञ डा. सुवेदीले एनपिजेए कास्कीका अध्यक्ष राम गुरुङलाई उक्त सहयोग हस्तान्तरण गरेका हुन् ।

जैविक विविधता, अनुसन्धान र विकासका लागि स्थानीय पहल (लि-बर्ड) का पुर्व कार्यकारी निर्देशक समेत रहेका डा. सुवेदीले फोटो पत्रकारको हितका लागि फोटो पत्रकार अक्षयकोषमा सहयोग गरेको बताए । सहयोग प्राप्त भएपछि एनपिजेए कास्की अध्यक्ष राम गुरुङले डा. सुवेदीलाई धन्यवाद ज्ञापन गरे । उनले विभिन्न दाताहरूबाट प्राप्त सहयोगले अक्षयकोषको लक्ष्य पूरा गर्न मद्दत पुग्ने बताउँदै कोषको रकम फोटो पत्रकारहरुको वृत्तिविकासमा खर्च गरिने जानकारी दिए ।

कोषमा विभिन्न क्षेत्रका समाजसेवी, बुद्धिजीवी र संघसंस्थाहरुबाट सहयोग जुट्ने क्रम जारी छ ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जीवन एउटा कहिल्यै समाप्त नहुने बसन्त हो ।
– वी.पी. कोइराला

## सम्पादकीय

# भ्रष्टाचारमा शून्य सहनशीलता देखाऊ

राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्दा ठुलो आर्थिक अनियमितता भएको दाबीसहित अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अर्को भ्रष्टाचार मुद्दा दायर गरेको छ । विमानस्थल निर्माणका लागि परामर्शदाता नियुक्ति गर्दा भ्रष्टाचार भएको निष्कर्ष निकाल्दै आयोगले आइतबार २१ जनालाई प्रतिवादी बनाएर विशेष अदालतमा दोस्रो मुद्दा दायर गरेको हो । उक्त विमानस्थल निर्माणको लागत अनुमान निर्धारण प्रक्रिया (इस्टिमेट) मा आर्थिक अनियमितता भएको दाबीसहित आयोगले गत मङ्सिर २१ गते पूर्वमन्त्री, पूर्वसचिव, पूर्वसहसचिव तथा अन्य उच्च अधिकारीसहित ५५ जना र विमानस्थल निर्माणमा संलग्न कम्पनी सिएएमसी इन्जिनियरिङ तथा परामर्शदातालाई प्रतिवादी बनाएर विशेष अदालतमा पहिलो भ्रष्टाचार मुद्दा दायर गरेको थियो । आइतबार दायर गरिएको दोस्रो मुद्दामा आयोगले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका तत्कालीन सचिव केदारबहादुर अधिकारी, नागरिक उड्डयन प्राधिकरणका तत्कालीन महानिर्देशकहरू सञ्जीव गौतम, राजन पोखरेल र प्रदीप अधिकारीलाई प्रतिवादी बनाएको छ । यो विमानस्थल चिनियाँ ऋण सहायतामा चीनकै ठेकेदारबाट बनाइएको हो । विमानस्थल निर्माणमा संलग्न चिनियाँ निर्माण कम्पनी 'चाइना सिएएमसी इन्जिनियरिङ' र परामर्शदाता 'इआरएमसी/ए-नोट/स्लेट जेभी' लाई पनि प्रतिवादी बनाइएको आयोगले जनाएको छ । उक्त विमानस्थल निर्माणमा चिनियाँ एक्जिम बैंकको ऋण सहयोग छ । विमानस्थल इन्जिनियरिङ, प्रोक्युरमेन्ट एन्ड कन्स्ट्रक्सन (इपिसी) मोडलमा निर्माण हुने गरी परामर्शदाता नियुक्तिका लागि २८ लाख अमेरिकी डलर छुट्याइएको थियो तर उक्त रकमबाट परामर्शदाता नियुक्त नगरी बदनियतपूर्वक प्राधिकरणको छुट्टै आन्तरिक बजेटबाट ५० करोड ३४ लाख ४० हजार ६९६ रुपियाँको लागत अनुमान स्वीकृत गरी दोहोरो खर्च गराइएको आयोगको निष्कर्ष छ ।

आयोगका प्रवक्ता सुरेश न्यौपानेका अनुसार राष्ट्र सेवक कर्मचारी र ठेकेदार कम्पनीको मिलेमतोमा स्वीकृत लागत अनुमानभन्दा बढी भुक्तानी दिने, सम्झौताका सर्तविपरीत मेसिनरी उपकरण खरिद गर्ने र परामर्शदाताका नाममा विनियोजित डलर अन्यत्रै खर्च गर्ने जस्ता कार्य गरी जम्मा ४६ करोड १५ लाख ८४ हजार ४३४ रुपियाँ भ्रष्टाचार भएको देखिएको छ । त्यसमा संलग्न भएको आरोपमा तत्कालीन सचिव अधिकारी र तीन पूर्वमहानिर्देशकसहित तत्कालीन उपमहानिर्देशक महेन्द्रसिंह रावल, निर्देशक ध्रुवदास भोछिभोयाको हकवाला निजकी श्रीमती यमुनादेवी श्रेष्ठ, प्राधिकरण राष्ट्रिय आयोजनाका तत्कालीन निर्देशक बाबुराम पौडेल, तत्कालीन उपनिर्देशक प्रवीण न्यौपाने र प्रबन्धक चाँदमाला श्रेष्ठलाई प्रतिवादी बनाइएको छ । आयोजनाका वरिष्ठ लेखा अधिकृत नरेन्द्रराज सैंजु, लेखा अधिकृत तथा उपप्रबन्धक प्रमोद नेपाल र वरिष्ठ लेखा अधिकृत तथा उपप्रबन्धक सबिन फुयाल र तत्कालीन उपप्रबन्धक हिमज्योति थापाविरुद्ध समेत मुद्दा दायर गरिएको छ । त्यस्तै आयोजनाका तत्कालीन अधिकृत राजाराम चौधरी, परामर्शदाता कम्पनी तथा उसको मुख्य भई कार्य गर्ने यमबहादुर भण्डारी, उद्धवराज चौंलागाई, शोभेन्द्रराज जोशी र प्रमोद दवाडी तथा चाइना सिएएमसी तथा उक्त कम्पनीको मुख्य व्यक्ति भई काम गर्ने अध्यक्ष वाङ वो र प्रोजेक्ट म्यानेजर वाङ जियाङविरुद्ध समेत भ्रष्टाचार मुद्दा दायर गरिएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गत मंसिरमा दायर गरेको मुद्दामा आठ अर्ब ३६ करोड ७३ लाख ५५ हजार २९७ रुपियाँ भ्रष्टाचार भएको दाबी गरिएको थियो । विमानास्थल निर्माणका लागि सुरुमा नेपाल नागरिक उड्डयन प्राधिकरण सञ्चालक समितिले २०६७ साल असोज ६ गते १४५ मिलियन (चौध करोड ५० लाख) अमेरिकी डलर लागत अनुमान स्वीकृति दिएको थियो । तर विमानस्थल निर्माणको जिम्मा पाएको चिनियाँ निर्माण कम्पनी सिएएमसी इन्जिनियरिङले अस्वाभाविक रूपमा उपयुक्त कारणबिना नै पहिला स्वीकृत भएको लागत बढाएर दुई लाख ८६ हजार ५२६ मिलियन अमेरिकी डलर पुऱ्याउनुपर्ने र सोही लागतलाई कायम गर्न अनुरोध गर्दै सरोकारवाला सरकारी निकायलाई पत्राचार गरेको थियो । आयोगका अनुसार विमानस्थल निर्माणमा यहीँबाट अनियमितता सुरु भएको थियो । प्राधिकरण सञ्चालक समितिले स्वीकृति दिएको बजेटकै परिधिमा रहेर निर्माण कार्य अघि बढाउनुपर्नेमा सार्वजनिक खरिद ऐन र नियमावलीको प्रावधानविपरीत हुने गरी विमानस्थल निर्माणको लागत अस्वाभाविक रूपमा बढाएर १६६.४१ मिलियन अमेरिकी डलर पुऱ्याइएको थियो र सोही अनुसार चिनियाँ कम्पनी सिएएमसी इन्जिनियरिङसँग खरिद तथा निर्माण सम्झौता भएको थियो । यस प्रकरणमा संलग्न भएको आरोपमा आयोगले तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीहरू रामकुमार श्रेष्ठ, भीमप्रसाद आचार्य, दीपकचन्द्र अमात्य, पोष्टबहादुर बोगटीलाई प्रतिवादी बनाएको थियो । पर्यटनमन्त्री नेपाल नागरिक उड्डयन प्राधिकरण सञ्चालक समितिको अध्यक्ष रहने व्यवस्था छ । त्यस्तै पूर्वअर्थमन्त्री डा. रामशरण महतलाई पनि प्रतिवादी बनाइएको थियो । पूर्वमन्त्री बोगटी दिवङ्गत भइसक्नुभएको छ । उहाँको निधन भइसकेको हुनाले आयोगले उहाँकी श्रीमती राममाया बोगटीलाई पनि प्रतिवादी बनाएको छ ।

त्यस्तै संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका तत्कालीन सचिवहरू सुशील घिमिरे, सुरेशमान श्रेष्ठ, अर्थ मन्त्रालयका तत्कालीन सचिव सुमनप्रसाद शर्मा, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका तत्कालीन सचिव भेषराज शर्मालाई प्रतिवादी बनाएको थियो । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका तत्कालीन सहसचिवहरू रञ्जनकृष्ण अर्याल, मोहनकृष्ण सापकोटा, लोकबहादुर खत्री, सुरेश आचार्य, अर्थ मन्त्रालयका तत्कालीन सहसचिव मधुकुमार मरासिनीलगायतलाई पेनि यो मुद्दामा प्रतिवादी बनाइएको थियो । मरासिनी सरकारको सचिवमा बढुवा भएर हाल अवकाशमा,य गइसक्नुभएको छ । पोखरा विमानस्थल २०६५ देखि अध्ययन सुरु गरेर २०७९ निर्माण सम्पन्न भएको थियो । शुरुआत गर्दा देखिएको तस्बिरले धेरै कुर प्रष्ट बनाउँछ । अवस्थाको मात्र कुरा गरेर पुग्दैन । पर्यटन मन्त्रालयलाई सक्षम, नेतृत्व पारदर्शी र इमानदार हुन सकेमा भ्रष्टाचारी कारागार भित्र र बाहिर जहाँ पनि आक्रमण हुन सक्छ भन्ने ख्याल गर्नु पर्छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्यमा सुधार | तुला | : अप्रत्यसित लाभ |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : शत्रुको भय | धनु | : मानसिक तनाव |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : ब्यापारमा लाभ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : झमेला बढ्ने |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : शुभ यात्रा |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# साउन यता १७ गैंडा मरे

**रासस**
चितवन, ९ चैत

चालु आर्थिक वर्षमा १७ वटा गैंडा मरेका छन् । तीमध्ये एउटा विद्युतीय करेन्ट लागेर मरेको हो भने बाँकी प्राकृतिक कारणले मरेका हुन् । यस आर्थिक वर्षमा गैंडासहित ५७ वटा वन्यजन्तु मरेका छन् । साउन यता निकुञ्ज र आसपासका क्षेत्रमा ती वन्यजन्तु मरेका हुन् ।

चितवन राष्ट्रिय निकुञ्जका सूचना अधिकारी अविनास थापामगरका अनुसार यस आर्थिक वर्षमा बाघ ४ वटा, हात्ती ३ वटा र १८ वटा चित्तल मरेका छन् । चितुवा, जरायो, मगर गोही तथा घडियाल गोही २/२ वटा, अजिङ्गर, सुन गोहोरो १/१ वटा र अन्य वन्यजन्तु ४ वटा मरेका छन् । ती वन्यजन्तु प्राकृतिक कारणले मरेका हुन् । ती वन्यजन्तुहरू दलदलमा फसेर, जुधेर, दुर्घटनामा परेर, बाघको आक्रमणमा परेरलगायत कारण मरेका हुन् ।

यस आर्थिक वर्षमा सचेतनासँगै सामाजिक रूपमा जागेको भावनाका कारण चोरी शिकारीको निशानाबाट वन्यजन्तु जोगाउन सकीएको उहाँले बताउनुभयो । समुदाय स्तरमा संरक्षणको चेतना बढेसँगै वन्यजन्तुको चोरी शिकारी न्यूनीकरणमा सहयोग पुगेको उहाँले बताउनुभयो । गत आर्थिक वर्षमा ८१ वटा वन्यजन्तु मरेका थिए ।

# तनहुँमा १८३ क्षयरोगी उपचारको दायरामा

**पोखरापत्र संवाददाता**
तनहुँ, ९ चैत

तनहुँमा चालु आर्थिक वर्षमा १८३ जना क्षयरोगका बिरामी उपचारको दायरमा आएका छन् । चालु आर्थिक वर्षको आठ महिनामा जिल्लाभित्र ती क्षयरोगी भेटिएका हुन् ।

प्रदेश जनस्वास्थ्य कार्यालयका सूचना अधिकारी सुदीप कँडेलका अनुसार जिल्लाका दशवटै स्थानीय तहमा क्षयरोगी भेटिएका छन् । गत आर्थिक वर्ष २०८१/८२ मा जिल्लामा ३१८ क्षयरोगी भेटिएका थिए । त्यसमध्ये १३ जनाको मृत्यु भएको थियो । उहाँका अनुसार नियमित औषधि सेवन गर्दा क्षयरोग निको हुने दर ९१ प्रतिशत रहेको छ । त्यसैगरी आव २०८०/८१मा जिल्लामा ३२५ क्षयरोगी भेटिएका थिए । आव २०७९/८० मा २८५ क्षयरोगका बिरामी भेटिएका थिए । जिल्लास्थित १११ स्वास्थ्य संस्थाबाट क्षयरोगीको उपचार हुने गरेको छ । कँडेलका अनुसार १४ स्वास्थ्य संस्थामार्फत् क्षयरोग पहिचानका लागि खकार परीक्षणको व्यवस्था मिलाइएको छ ।

# सामुदायिक विद्यालयद्वारा दश रोपनीमा केरा खेती

**पोखरापत्र संवाददाता**
वालिङ, ९ चैत

यहाँको एक सामुदायिक विद्यालयले 'पढ्दै कमाउँदै कार्यक्रम'अन्गर्तत बाँझो जमिनको सदुपयोग गर्दै व्यावसायिक केरा खेती सुरु गरेको छ ।

वालिङ नगरपालिका-१० फूलबारीस्थित पूर्णामृत भवानी माध्यमिक विद्यालयले केरा खेती सुरु गरेको हो । जिल्लाकै नमूना विद्यालयकारूपमा रहेको यस विद्यालयले विद्यालय परिसरमै आफ्नै स्वामित्वमा रहेको करिब १० रोपनी जग्गामा 'जी नाईन' जातको केराका बेर्ना लगाएको छ । राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयन एकाइ स्याङ्जा प्राविधिक शिक्षालयको साझेदारी व्यावसायिक उत्पादन कार्यक्रमअन्तर्गत केरा खेती गरिएको विद्यालयका प्रधानाध्यापक दीपक लम्सालले बताउनुभयो । "विगत लामो समयदेखि विद्यालयको स्वामित्वमा रहेको जमिन बाँझो रहेको थियो" उहाँले भन्नुभयो, "बाँझो जमिनको सदुपयोग पनि भयो पढ्दै कमाउँदै कार्यक्रम साथै कक्षा ९ देखि १२ सम्म कृषि बाली विज्ञान विषयका विद्यार्थीलाई प्रयोगात्मक अभ्यास पनि यहीँ गराउन सक्ने भएका छौं ।"व्यावसायिक केरा खेती कार्यक्रमका लागि कार्यालयको ७५ प्रतिशत र विद्यालयको २५ प्रतिशत लागत साझेदारी रहेको छ । कार्यालयकातर्फबाट तीन लाख ९५ हजार ७१० रुपैयाँ र विद्यालयकातर्फबाट एक लाख ६९ हजार ५९० रुपैयाँ गरी कूल पाँच लाख ६५ हजार ३०० रुपैयाँ लगानी रहेको छ ।

# मुस्ताङ भन्सारबाट पौने छ अर्ब राजस्व संकलन

**पोखरापत्र संवाददाता**
मुस्ताङ, ९ चैत

नेपाल–चीन उत्तरी कोरलानाकास्थित मुस्ताङ भन्सार कार्यालयले चालु आर्थिक वर्षमा पौने छ अर्ब राजस्व सङ्कलन गरेको जनाएको छ । गत भदौ ३१ गतेदेखि पूर्ण रूपमा सञ्चालनमा आएको कार्यालयले यही चैत ७ गतेसम्म रु पाँच अर्ब ७१ करोड १० लाख राजस्व सङ्कलन गरेको जनाएको छ ।

कार्यालयका प्रमुख रमेश खड्काले उक्त अवधिमा नाकाबाट रु १२ अर्ब १७ करोड मूल्य बराबरको मालवस्तु आयात भएको छ भने रु २० करोड ३० लाख मूल्य बराबरको मालवस्तु चीनतर्फ निर्यात भएको हो । हालसम्म कोरलानाकाबाट भित्रिएका दुई हजार ३४७ वटा विद्युतीय सवारीसाधनको भन्सार जाँचपास भएको मुस्ताङ भन्सार कार्यालयका प्रमुख रमेश खड्काले बताउनुभयो । यसैगरी, मुस्ताङ भन्सार कार्यालयबाट एक हजार ८०४ वटा मालवाहक कन्टेनरको भन्सार जाँचपास भएको भन्सार प्रमुख खड्काको भनाइ छ । गत असार र साउनमा पहिरोका कारण रसुवागढी नाका र तातोपानी नाका पूर्ण रूपमा बन्द भएपछि मुस्ताङको कोरलानाकालाई वैकल्पिक नाकाका रूपमा प्रयोग गरिएको थियो । यसलगत्तै नेपाल सरकार भन्सार विभागले वैकल्पिक रूपमा प्रयोग गरिएको कोरलानाकालाई पूर्ण रूपमा सञ्चालन गराएको थियो । बर्सेनि रु १०/१५ लाख आर्थिक राजस्व सङ्कलन गर्ने यहाँको मुस्ताङ भन्सार कार्यालयले असोजदेखि यता उल्लेखनीय राजस्व सङ्कलन गर्न सफल भएको कार्यालयको भनाइ छ ।



व्यावसायिक उत्पादन कार्यक्रम - केरा लगाउँदै शिक्षक : राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयन एकाइ स्याङ्जा र पूर्णामृत भवानी माध्यमिक विद्यालयको साझेदारीमा व्यावसायिक उत्पादन कार्यक्रमअन्तर्गत वालिङ नगरपालका-१० फूलबारीस्थित विद्यालय परिसरमा केराका बेर्ना रोप्दै पूर्णामृतका शिक्षकहरु । विद्यालयले १० रोपनीमा 'जी नाइन' जातको एक हजार बेर्ना रोपेको हो । तस्बिरः तोलाकान्त बगाले रासस

# नौ तले गुफाको प्रवर्द्धन गर्दै भिमाद नगरपालिका

**पोखरापत्र संवाददाता**
गण्डकी, ९ चैत



सुन्दा पनि अचम्म लाग्न सक्छ । तनहुँको भिमाद नगरपालिका-९ धन्दुरस्थित सिद्ध गुफा नौ तले संरचनामा फैलिएको छ ।

पृथ्वी राजमार्गअन्तर्गत भिमाद चोकबाट १० किलोमिटर दुरीस्थित धन्दुर क्षेत्रमा रहेको यो गुफामा अपेक्षित रूपमा पर्यटक भित्र्याउन सकिएको छैन । गुफा क्षेत्रको पूर्वाधार विकाससँगै यसको प्रवर्द्धनमा नगरपालिकाले निरन्तर काम गरिरहेको भिमाद नगरपालिकाका प्रमुख दधिराज सुवेदीले जानकारी दिनुभयो ।

ऐतिहासिक एवम् धार्मिक महत्वको यस गुफाको प्रवर्द्धनमार्फत यस क्षेत्रको पर्यटकीय विकास गर्ने नगरपालिकाको सोच रहेको छ । यो गुफाका सम्बन्धमा परापूर्व कालदेखि स्थानीय जानकार भए पनि पर्यटकीय पूर्वाधार विकास र प्रचारप्रसार हालै मात्र हुन थालेको सिद्ध गुफा विकास समितिका पूर्वउपाध्यक्ष बेलबहादुर थापाले बताउनुभयो । उहाँका अनुसार गुफाको प्रवेश मार्ग साँघुरो भएका कारण निहुरिएर मात्रै भित्र पस्न सकिन्छ । विभिन्न तलामा संरचित यो गुफामा प्रवेश मार्गबाट करिब ३० मिटरभित्र पसेपछि पहिलो तला आउँछ । उक्त तलामा करिब १५० बढी मान्छे अटाउने ठाउँ छ । त्यसपछि दोस्रो, तेस्रो, चौथो हुँदै नवौँ तलासम्म गुफा फैलिएको छ ।

नगरपालिकाका प्रमुख सुवेदीका अनुसार यस अघि पुरानो पुस्ताका मानिस नवौ तलासम्म पुगेका थिए । "मेरै पिताजीले गुफाको नवौँ तलासम्म पुगेको अनुभव सुनाउनुहुन्थ्यो भने मेरो दाजुले सात तलासम्म पुगेको सुनाउनुभयो", उहाँले भन्नुभयो, "चौथो तलासम्म मसहित धेरै जना पुगेका छौं ।" अहिले पनि तेस्रो तलासम्म सजिलै पुग्न सकिने बताउँदै उहाँले चौथो तलामा जाने मार्गमा चुन ढुङ्गा पग्लिएका कारण अत्यन्त साँघुरो र जोखिमयुक्त भएकाले माथि जान रोक लगाइएको बताउनुभयो । चौथो तलामा आँफू पुग्दा त्यहाँ तत्कालीन राजा सुरेन्द्रको पालामा काटिएका सिक्का, पैसा चढाउने तामाको भाडाजस्ता पुरातात्विक महत्वका सामग्री देखेको उहाँको भनाइ छ । सरकारले घोषणा गरेको देशका १०० पर्यटकीय गन्तव्यमा यस गुफा पनि एक रहेको छ ।

जिदी खोला किनारको जङ्गल क्षेत्रमा अवस्थित यस गुफाभित्र ढिकी, जाँतो, गाईका थुन, हात्तीको सुँड, शिवलिङ्ग र विभिन्न देवीदेवताका आकृति देखिन्छन् । स्थानीय तेजबहादुर थापाकाअनुसार यस गुफाको धार्मिक रूपमा पनि उत्तिकै महत्व छ । प्रत्येक वर्ष साउन महिनामा शिवको विशेष पूजासँगै स्थानीयले बाली लगाउने र भित्र्याउने समयमा यहाँ पूजाआजासहित नवान्न चढाउने गर्दछन् । यहाँ चैते दसैंमा मेला लाग्ने गरेको छ । पछिल्ला समयमा यहाँको पर्यटकको आकर्षण बढ्दै गएको छ ।

# सोह्र प्रकारका खनिजजन्य वस्तुको उत्खननको अनुमति

**रासस**
काठमाडौं, ९ चैत

खानी तथा भूगर्भ विभागले चुनढुङ्गा, रातोमाटो, धातु, पत्थरलगायत विभिन्न १६ प्रकारका खनिजजन्य वस्तुको उत्खननको अनुमति दिएको छ ।

स्वदेशमा रहेको खनिज सम्पदाको अन्वेषण कार्यबाट विभागले खनिजजन्य उद्योगहरूको विकास गरी देशमा औद्योगिक उत्पादन तथा आर्थिक विकास गर्ने उद्देश्यले उत्खननको इजाजत प्रदान गरेको हो । विभागले गत आर्थिक वर्षसम्ममा अनुमति दिएका खनिजजन्य वस्तुहरूमा टुर्मालिन, टल्क, क्वार्ज, काइनाइट, मार्बल, फलाम, जिङ्क, क्वार्जजाइट, म्याग्नेसाइट, डोलोमाइट र तामालगायत खानी छन् । खानी अनुमतिपत्र प्रदान गर्ने नियमअनुसार उत्खनन अनुमति माग भएका कम्पनीमध्ये खानी प्रस्ताव अध्ययन गरी आवश्यकताअनुसार प्रक्रिया पूरा भएका विभागले निजी तथा स्वदेशमा दर्ता भएका विभिन्न अन्तरराष्ट्रिय कम्पनीका १६६ संस्थालाई अनुमति प्रदान गरेको सूचना अधिकारी नारायण बाँस्कोटाले जानकारी दिनुभयो । देशको खनिज सम्पदाको खोजतलास, अन्वेषण,विकासरउत्खननसमेत गर्दै आएको विभागले खानी अनुमति प्रदान गर्दा वातावरणीय प्रभाव मूल्याङ्कनमा प्रभाव नपर्ने, दर्ता तथा उत्पादनको अनुपातमा राजस्व सङ्कलन, स्थानीयको लाभ हुने गरी आवश्यक सर्तहरू तोक्ने गरेको जनाइएको छ । विभागले करिब एक सय चुनढुङ्गा खानीले उत्खननको इजाजत प्राप्त गरेको जनाएको छ । भौगोलिक विकटता र यातायातको अभावलगायत कारणले देशमा खनिज सम्पदाको आवश्यक विकास हुन नसकेको सूचना अधिकारी बाँस्कोटाले जानकारी दिनुभयो । नेपालमा खनिज सम्पदाको विकास हुन नसक्नुका मुख्य कारणहरूमा पुँजी र आधुनिक प्रविधिको अभाव, भौगोलिक विकटता एवं नीतिगत समस्या पाइएको छ । पूर्वाधारको कमी, खनिज सम्पदाको विस्तृत अन्वेषण हुन र वातावरणीय जोखिम, खनिज उत्खननका लागि आवश्यक महँगो प्रविधि, उपकरण र ठूलो पुँजीको अभाव, र लगानीमैत्री वातावरण नबन्नाका कारण खनिज उत्खनन चुनौतीपूर्ण बनेको छ । धेरैजसो खनिज पदार्थ दुर्गम र भिरालो स्थानमा रहेकाले उत्खनन पनि ढुवानीमा कठिन रहेको जनाइएको छ ।

# सडक छेउका टहरा भत्काउन दरवाङवासी अग्रसर

**पोखरापत्र संवाददाता**
म्याग्दी, ९ चैत



मालिका गाउँपालिका-६ दरवाङका बासिन्दाले सडक विस्तार गर्न स्वस्फूर्त रुपमा घरको पेटी र टहरा भत्काउन थालेका छन् ।

गाउँपालिकाको केन्द्रसमेत रहेको दरवाङ बजारको सडक विस्तार र कालोपत्र गर्नका लागि सञ्चालित योजना कार्यान्वयनमा स्थानीयवासीले संरचना भत्काएर सघाएका हुन् । मालिका गाउँपालिका-६ का वडाध्यक्ष पथबहादुर रोकाले सडक छेउमा रहेको पेटी र टहरा भत्काएर फराकिलो पार्नका लागि स्थानीयवासी आफै अग्रसर भएका बताउनुभयो ।

"वडा कार्यालयदेखि बिमतर्फ जाने साँघुरो सडकलाई छ मिटर फराकिलो पार्नका लागि घरधनीहरुले आफै संरचना भत्काएर सहयोग गर्नुभएको छ," उहाँले भन्नुभयो "पक्की सडकको प्रतिक्षामा रहेका दरवाङवासी सडक फराकिलो पार्न आफै अग्रसर भएकाले निर्माण व्यवसायीलाई काम गर्न सजिलो भएको छ ।" धौलागिरि टोलका ३६ र नयाँ बजार टोलका ३१ वटा घरको पेटी र टहरा भत्काउनका लागि नक्शाङ्कन भएको छ । धौलागिरि टोलका अध्यक्ष मेख पुनले बैठक मार्फतनै सडक फराकिलो पार्नका लागि मापदण्ड अनुसार आवश्यक पर्ने जग्गा दिने र संरचना भत्काउने निर्णय गरिएको बताउनुभयो । धेरै ठाउँमा सडक विस्तारका लागि प्रभावित क्षेत्रका बासिन्दाले घरटहरा भत्काउन नमानेर विवाद हुने गरेको अवस्थामा दरवाङका बासिन्दाले सकारात्मक सन्देश दिएका छन् । नयाँबजार टोलका अध्यक्ष मिराज गौतमले घरधनीहरुको सहमतिमा कम क्षति हुने गरेर संरचना भत्काउने सहमति भएको बताउनुभयो । यसअघि गत वर्ष हुलाकचोक, तल्लो दरवाङ, पुलचोक र झोलङ्गे पुलतर्फ सडकको दायाँबायाँ पर्ने संरचना हटाएर करिब चार सय मिटर लामो नाली निर्माण भएको थियो । यस वर्ष सङ्घीय सरकारको समपुरक योजनामार्फत दरवाङ बजारको सडक कालोपत्र गरेर पक्की बनाउन योजना निर्माण सुरु भएको छ । रु. एक करोड ६६ लाख ४९ हजार ७३२ लागत अनुमान गरिएको योजना निर्माणका लागि ठेक्का प्रतिस्पर्धाका क्रममा रु एक करोड २६ लाख ८२ हजार ८८८ कबोलेको सापकोटा बिल्डर्स छनोट भएको छ ।

विसं २०८२ माघ ३० गते ठेक्का सम्झौता भएको योजना आगामी २०८३ असार १५ गते सम्पन्न गर्ने लक्ष्य रहेको मालिका गाउँपालिकाका पूर्वाधार शाखाका प्रमुख दीपक सापकोटाले जानकारी दिनुभयो । उहाँका अनुसार यस योजनामार्फत दरवाङको तल्लो उल्लो बजार क्षेत्रमा एक किलोमिटर ४०० मिटर कालोपत्र गरिने भएको छ । सडक विस्तार र कालोपत्र भएपछि सवारीसाधन आवतजावत सहज हुने स्थानीयवासीको अपेक्षा छ । तीव्र रुपमा बस्ती विकास भएको दरवाङ बजारको भित्री सडक साँघुरा हुँदा सवारीसाधन आवतजावत असहज हुनुका साथै दुर्घटनाको जोखिम छ । तीन सय बढी घर रहेको दरवाङ बजारको जनप्रिय मावि रहेको टोलमा दुई वर्षअघि गण्डकी प्रदेश सरकारमार्फत कालोपत्र भएको थियो ।

# मध्यपूर्वको सैन्य तनावको प्रत्यक्ष प्रभाव पर्यटन क्षेत्रमा

**रासस**
चितवन, ९ चैत

मध्यपूर्वमा बढ्दो सैन्य तनावको प्रत्यक्ष प्रभाव यहाँको पर्यटन क्षेत्रमा देखिएको छ । हवाई यात्रा महँगो र असुरक्षित भएपछि नेपाल घुम्न आउन लागेका धेरै पर्यटकले यात्रा रद्द गरेका छन् ।

भारत, चीन र अष्ट्रेलियाबाहेकका देशबाट यहाँको सौराहा क्षेत्रमा घुम्न आउने पर्यटकले यात्रा रद्द गरेको व्यवसायीहरू बताउँछन् । विगतका वर्षमा यतिबेला सौराहाका होटलहरू ८० प्रतिशत हाराहारी भरिने गरेको व्यवसायी बताउँछन् । उनीहरूको भनाइमा यस वर्ष यतिबेला २० प्रतिशत हाराहारी मात्र पर्यटक आएका छन् । निर्वाचनका कारण १५ दिन प्रभावित बनेको सौराहाको पर्यटन क्षेत्रमा त्यसलगत्तै मध्यपूर्वको द्वन्द्वको प्रभाव परेको हो ।

क्षेत्रीय होटल सङ्घ चितवनका अध्यक्ष ओमप्रकाश पाण्डेले फेब्रुअरी, मार्च र अप्रिल महिना सौराहाको मुख्य पर्यटकीय मौसम भएको बताउनुभयो । विगतका वर्षहरूमा यतिबेला होटलका ८० प्रतिशत कोठा भरिने गरेको भन्दै उहाँले यस वर्ष २० प्रतिशत हाराहारी मात्र कोठा भरेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "द्वन्द्व भएका मुलुक बाहेकका देशहरूबाट पनि पर्यटकहरूले बुकिङ रद्द गरेका छन् ।" यो बेलामा चितवन राष्ट्रिय निकुञ्जमा ढड्डीहरू फाँडेर टाढासम्म देखिने भएकाले सजिलै वन्यजन्तु हेर्न सकिन्छ । "ठूला एजेन्सीहरूले अधिकांश बुकिङ रद्द गरेका छन्", उहाँले भन्नुभयो, "आकाश असुरक्षित भएपछि को घुम्न आउँछ र ?"

सङ्घका उपाध्यक्ष गुणराज थपलियाले नेपालीहरूसमेत अहिले घुम्न आउन छाडेको उल्लेख गर्दै द्वन्द्वको प्रभावका कारण भएको महँगी र ती देशमा भएका आफ्ना इस्टमित्रको चिन्ताले नेपालीलाई घुम्ने र रमाउने उत्साह नभएको बताउनुभयो । जहाज भाडा अत्यधिक बढ्दा पनि अन्य मुलुकबाट समेत पर्यटक नआएको उहाँले जानकारी दिनुभयो ।

पर्यटन व्यवसायी सुमन घिमिरेले आफ्नो होटलमा बुकिङ भएका ५० प्रतिशत रद्द भएको बताउँदै अक्टोबर र नोभेम्बर तिरको स्थगित नभएको तर तत्काल द्वन्द्व रोकिएमा क्रमशः सुधार हुने उल्लेख गर्नुभयो । द्वन्द्वका कारण मुख्य रूपमा युरोपियन, बेलायती, अमेरिकन, जर्मनलगायत देशका पर्यटकले यात्रा स्थगन गरेको उल्लेख गर्दै उहाँले मुख्य मौसमका रूपमा लिइने यो समयमा द्वन्द्व र निर्वाचनका कारण प्रभावित बनेपछि यो वर्ष समग्रमा पर्यटन व्यवसाय प्रभावित हुन पुगेको बताउनुभयो । उहाँले भन्नुभयो, "अब एक महिना बाँकी छ । यो मौसम राम्रो हुने देखिएन ।" जहाँ जे हुँदा पनि पर्यटन क्षेत्र प्रत्यक्ष रूपमा प्रभावित हुने गरेको भन्दै उहाँले चिन्ता व्यक्त गर्नुभयो ।

वनवास रिसोर्टका महाप्रबन्धक प्रकाश न्यौपानेले मध्यपूर्व तनावका कारण पर्यटकहरूले बुकिङ रद्द गरेको बताउनुभयो । यो मौसममा युरोपियनसहित विभिन्न देशबाट ठूलो सङ्ख्यामा पर्यटक आउने गरेको उल्लेख गर्दै उहाँले यस वर्ष द्वन्द्वका कारण प्रभावित बनेको भन्नुभयो ।

मध्यपूर्वका देशहरूमा ट्रान्जिट लिएर आउने जहाजहरू रोकिएपछि पर्यटन क्षेत्र प्रत्यक्ष प्रभावित बनेको न्यौपानेको भनाइ छ । उहाँले भन्नुभयो, "युद्धले नेपालको हस्पिटालिटी क्षेत्रमा नराम्रो असर पऱ्यो ।" पर्यटन व्यवसायी सन्तोष गिरीले मुख्य मौसममा द्वन्द्व भएपछि प्रत्यक्ष प्रभाव पर्यटन क्षेत्रमा परेको छ भन्दै नेपाल आउने पर्यटकहरूले प्रयोग गर्ने एयरलाइन्स र ट्रान्जिटका विमानस्थलहरू बन्द हुँदा टिकट काटेका पर्यटकले बुकिङ रद्द गरेको बताउनुभयो । उहाँले भन्नुभयो, "द्वन्द्वको मारमा परेपछि घुम्न र रमाउन को आउने ।" सौराहामा १४८ वटा होटल छन् । जहाँ सात हजार २०० पर्यटक अट्ने क्षमता छ । यस क्षेत्रमा प्रत्यक्ष रूपमा ६ हजार ४०० ले रोजगारी पाएका छन् । अप्रत्यक्ष रोजगारी पाउनेको सङ्ख्या १२ हजारभन्दा बढी छ ।

चितवन राष्ट्रिय निकुञ्ज र आसपासका सामुदायीक वनमा दुर्लभ एकसिङ्गे गैँडा, पाटेबाघ, घडियाल गोहीलगायतका दुर्लभ वन, वन्यजन्तु र चराचुरुङ्गी हेर्न यहाँ स्वदेशी र विदेशी पर्यटकहरू आउने गर्दछन् । यसका अतिरिक्त सौराहामा थारू संस्कृति पनि पर्यटकका लागि रुचिकर बन्दछन् । यसका साथै नेपालका विभिन्न सङ्घसंस्थाले पनि सौराहामा कार्यक्रम गर्न आउँदछन् भने भारतीयहरू विवाहका लागि पनि सौराहा आउने गर्दछन् । द्वन्द्वले सबैतिर प्रभाव पार्दा अन्य क्षेत्रसँगै यहाँको पर्यटन क्षेत्र पनि प्रभावित बनेको हो ।

# रतनपाण्डे माबि भू.पु बिद्यार्थी मञ्चको अध्यक्षमा बराल

**पोखरापत्र संवाददाता**
गण्डकी, ९ चैत



पोखरा महानगरपालिका वडा नं १३ आर्बा स्थित श्री रतन पाण्डे माविको भूतपूर्व विद्यार्थी मञ्चको दोस्रो अधिबेशनबाट सुरेन्द्रप्रसाद बरालको अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत चयन गरिएको छ ।

मञ्चको शनिवार भएको अधिवेशन बाट सचिवमा ऋषिराज बराल, सह सचिवमा बिनमबन्धु बराल र कोषाध्यक्ष मा सन्तबहादुर थापा चयन भए भने सदस्यहरुमा प्रकाश बराल, ममता बराल, प्रविन बराल, निशा देबकोटा, दिपेन्द्र सुनार तथा सन्तोष सुनार छानिएका छन । बाँकी आवश्यक पदहरूमा पछि मनोनयन गरिने बताईएको छ । यज्ञबहादुर थापाको अध्यक्षतामा भएको कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बिष्णु प्रसाद बराल, गायक अमर धिताल लगायतलेबोलेका थिए ।

कार्यक्रममा भूतपूर्व विद्यार्थीहरू, पूर्व प्र अ ,विद्यालयका शिक्षक शिक्षिका लगायतको उपस्थिति रहेको थियो । बिक्रम सम्वत २०१४ सालमा स्थापित रतन पाण्डे मावि आर्बाको शिक्षा क्षेत्रमा अमूल्य योगदान रहेको छ। हजारौं ले अध्ययन गरेको यो बिद्यालय कास्की जिल्लाकै पुरानो तथा चर्चामा रहेको विद्यालयहरूमा पर्दछ । गुणस्तरीय शिक्षा साथै विद्यालयलाई नमूना बनाउन सबैको सकारात्मक भूमिका रहनु पर्नेमा सरोकारवालाले जोड दिएका छन् ।

# मार्ग खुलेको १८ वर्षपछि सडक स्तरोन्नति

**पोखरापत्र संवाददाता**
म्याग्दी, ९ चैत

बेनी नगरपालिका-२ को बगरफाँट-कोप्रे हुँदै वडा नम्बर ३ को दूधेखोला जोड्ने सडक मार्ग खुलेको १८ वर्षपछि स्तरोन्नति भएको छ ।

पूर्वाधार विकास कार्यालय, म्याग्दीमार्फत सञ्चालित हाँडेभिर-बगरफाँट-भकिम्ली सडकको बगरफाँट-कोप्रे-दूधेखोला खण्डलाई फरालिलो, घुम्ती तथा मोड, ग्रेड सुधार, नाली र टेवा पर्खाल निर्माण गरेर स्तरोन्नति गरिएको हो ।

विसं २०६४ मा कृषि सडकका रूपमा बेनीबजारदेखि बेनी नगरपालिका-२ को हाँडेभिर-बगरफाँट हुँदै भकिम्ली सडकको 'ट्र्याक' मार्ग खुलेको थियो । हाँडेभिरबाट बगरफाँटको बुद्ध एकेडेमीसम्मको सडकको मङ्गलाघाट पारीको भीर बाहेकको क्षेत्रमा दुई वर्षअघि नै कालोपत्र भइसकेको छ । बगरफाँटदेखि दूधेखोलासम्मको करिब साढे दुई किलोमिटर बढी सडकलाई फराकिलो बनाउने, नाली, पर्खाल र ग्राभेल भएपछि स्थानीयवासीलाई सुविधा पुगेको बेनी नगरपालिका-२ बगरफाँटका चन्द्रबहादुर घिमिरेले बताउनुभयो । "साँघुरो, खाल्डाखुल्डी भएको सडकमा वर्खामा पानी र हिलो जमेर आवतजावतमा असहज भएको थियो", उहाँले भन्नुभयो, "सडक स्तरोन्नति भएपछि २० मिनेटको यात्राअवधी पाँच मिनेटमा छोटिएको छ ।" आयोजनाको हल्लेगौडा क्षेत्रमा ३९० मिटर ढलान, नाली सफा, भत्किएको ठाउँमा मर्मत सुधारबाहेक ८० प्रतिशत काम सकिएको निर्माण कम्पनीका प्रतिनिधि नीरज भण्डारीले बताउनुभयो ।

गण्डकी प्रदेश सरकारको भौतिक पूर्वाधार मन्त्रालयमार्फत बहुवर्षीय योजनाको रूपमा छनोट भएको यस योजना निर्माणका लागि विसं २०८१ जेठ महिनामा पूर्वाधार विकास कार्यालयले रु पाँच करोड ५९ लाखमा सडक स्तरोन्नतिको लागि माछापुच्छ्रे हिमालयन जेभीसँग ठेक्का सम्झौता गरेको थियो । यस सडक स्तरोन्नतिका लागि १० करोड लागत अनुमान गरी ठेक्का प्रतिस्पर्धामार्फत योजनालाईकार्यान्वयनगराइएको हो । यो योजनाबाट बगरफाँटदेखि दूधेखोलासम्मको करिब साढे दुई किलोमिटर सडकलाई आठ मिटर फराकिलो बनाएर ग्राभेल भएपछि आवतजावत सहज, यात्रा अवधि छोटिएको कोप्रेका बासिन्दा ओमबहादुर घर्तीमगरले बताउनुभयो । दूधेखोलादेखि भकिम्ली जोड्ने सडकको विभिन्न खण्डमा ३९० मिटर सडक ढलान गर्न बाँकी छ । यही चैत महिनासम्म ठेक्काको म्याद रहे पनि प्रदेश सरकारले पर्याप्त बजेट विनियोजन नगरेका कारण काम गर्न समस्या भएको निर्माण व्यवसायी भण्डारीले बताउनुभयो । बागलुङकोताराखोलारकाठेखोला गाउँपालिका जोडिने यो सडक बेनी नगरपालिकाको २, ३, ४ र मङ्गला गाउँपालिकाको ३ र ४ का बासिन्दाले सदरमुकाम बेनी आउन जान प्रयोग गर्छन् ।

# 'डढेलो नियन्त्रण सरकारी प्रयासले मात्र सम्भव छैन'

**रासस**
काठमाडौं, ९ चैत

नेपालमा डढेलो नियन्त्रण केवल सरकारी प्रयासले मात्र सम्भव नहुने सरोकारवालाले बताएका छन् ।

डढेलो सचेतना सप्ताहका अवसरमा सोमबार यहाँ आयोजित 'डढेलो नियन्त्रणमा प्रभावकारिता, तीनै तहका सरकार र समुदायको सहभागिता' विषयक अन्तर्क्रियाका सहभागीले बर्सेनि डढेलोका कारण ठूलो मात्रामा वन विनास, जैविक विविधताको ह्रास, वातावरणीय सन्तुलनमा असर तथा जनधनको क्षति हुने गरेकामा चिन्ता व्यक्त गरेका थिए । उनीहरूले डढेलो नियन्त्रण केवल सरकारी प्रयासले मात्र सम्भव नहुने भएकाले स्थानीय, वन उपभोक्ता समूह, सुरक्षाकर्मी तथा सरोकारवाला सबैको साझा जिम्मेवारी र सक्रिय सहभागिता अपरिहार्य रहेकोमा जोड दिए । वन तथा वातावरण मन्त्रालयका सचिव डा गोविन्दप्रसाद शर्माले डढेलो नियन्त्रणका लागि नीति, योजना र कार्यान्वयनबीच प्रभावकारी समन्वय आवश्यक रहेको बताउनुभयो । उहाँले डढेलो नियन्त्रणलाई प्राथमिकतामा राखेर स्रोतसाधनको व्यवस्थापन, जनचेतना अभिवृद्धि तथा प्रविधिको प्रयोगमा जोड दिनुपर्ने उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "वन डढेलो प्राकृतिक रूपमा जोखिम कम देखिए पनि मानवीय लापरवाही वा आकस्मिक घटनाबाट हुनसक्ने क्षतिलाई न्यूनीकरण गर्न उत्तिकै चनाखो हुनुपर्छ ।" वन तथा भूसंरक्षण विभागका महानिर्देशक धिरेन्द्रकुमार प्रधानले डढेलो नियन्त्रणमा समुदायको भूमिका महत्त्वपूर्ण रहेको बताउनुभयो । ललितपुरका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद भट्टराईले वन क्षेत्रमा हुने डढेलो प्रायः मानवीय लापरवाहीका कारण हुने गरेको उल्लेख गर्दै नागरिक सचेतना अभिवृद्धि गर्न विशेष अभियान सञ्चालन गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

सशस्त्र प्रहरी बलका प्रहरी वरिष्ठ उपरीक्षक राजेश उप्रेतीले डढेलो नियन्त्रणमा सशस्त्र प्रहरीले निर्वाह गरेको भूमिकाबारे जानकारी गराउँदै आवश्यक उपकरणको अभावले कार्यसम्पादनमा कठिनाइ उत्पन्न हुने गरेको बताउनुभयो । उहाँले आधुनिक उपकरण, तालिम र स्रोतसाधनको व्यवस्थापनमा ध्यान दिन आवश्यक रहेको धारणा राख्नुभयो । खाद्य तथा कृषि सङ्गठन (एफएओ)को सहजीकरण एवं वन तथा भूसंरक्षण विभागद्वारा आयोजित उक्त कार्यक्रममा सरोकारवाला निकायका प्रतिनिधि, विज्ञ, सुरक्षा निकाय तथा वन मन्त्रालयमातहतका सातै प्रदेश प्रमुख सहभागी थिए ।


## गैह्र बैंकिङ सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना ।

**प्रकाशित मितिः २०८२/१२/१०**

यस कर्मशिल बचत तथा ऋण सहकारी संस्था लि., पोखरा-८, सभागृहचोकको स्वामित्वमा रहेको तपशिल बमोजिमको जग्गा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने भएको हुँदा खरिद गर्न इच्छुक व्यक्ति तथा संस्थाहरुले यस सहकारीबाट उपलब्ध गराईने बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही आफूले कबुल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी बापत जम्मा गरेको बैंक भौचर गोप्य शिलबन्दी पत्र साथमा संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा यस सहकारी संस्थाको कार्यालय, सभागृहचोक, पोखरामा लिलाम बिक्री गोप्य शिलबन्दी बोलपत्र फाराम रीतपूर्वक भरी पेश गर्नु हुन यसै सूचनाद्वारा आह्वान गरिन्छ । यस सहकारी समक्ष प्राप्त हुन आएका बोलपत्रहरु १६ (सोह्रौं) औं दिन अर्थात तपसिलमा उल्लेखित मिति, समय र स्थानमा खोलिने हुँदा सोही स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता र बोलपत्रवाला वा निजको आधिकारिक प्रतिनिधिलाई यसै सूचनाद्वारा सूचित गरिएको छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन । तोकिएको दिन विदा परेमा सोको भोलिपल्ट दिनको १ बजे बोलपत्र खोलिनेछ । प्राप्त हुन आएका बोलपत्रहरु कारण खुलाई वा नखुलाई प्राप्त बोलपत्रहरु स्वीकृत गर्ने र नगर्ने वा रद्द गर्ने वा छलफल गर्ने सम्पूर्ण अधिकार यस सहकारीमा सुरक्षित रहनेछ । साथै बोलपत्र सम्बन्धी शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ । उपरोक्त विषयमा थप बुझ्न चाहने महानुभावहरुले कार्यालय समयभित्र सहकारीको कार्यालयमा सम्पर्क गर्नुहोला ।

तपसिल

बोलपत्र खुल्ने मितिः २०८२/१२/२५ गते बुधबार
समयः दिनको १ बजे
स्थानः संस्थाको कार्यालय, सभागृहचोक, पोखरा-८, कास्की ।

तपसिल

| क्र.सं. | जिल्ला | गा.वि.स. | वडा नं. | नक्सा सिट नं. | कित्ता नं. | क्षेत्रफल | विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | कास्की | अर्घौ | ८ | ०९४१०४४१ | ३५४५ | ०-४-१-१ १३७।१० व.मि. | जग्गा | हाल पोखरा म.न. पा. वडा नं. २६ |

विस्तृत जानकारीको लागि
**कर्मशिल बचत तथा ऋण सहकारी संस्था लि.**
पोखरा ८, सभागृहचोक
फोन नं. : ०६१-५८०७९६, ५४४७९५